**निर्णय नं १.**

यस गाउँपालिकाको चालु आ.व. ०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "कृषि भ्रमण जाँदा दुर्घटना भई अङ्गभङ्ग भएकाहरुलाई राहत कार्यक्रम" खर्च शीर्षक २७२१२ (आन्तरिक स्रोत) बमोजिम राहत उपलब्ध गराउने।

**निर्णय नं.२**

नयाँ उद्यमी सिर्जना गर्न गाउँ उद्यम विकास समितिको मिति २०८२/०८/०३ को वैठकबाट सिफारिस भए अनुसार अनुसुची ३ को दफा ११ सगँ सम्बन्धित कार्यक्रमको बजेट तथा कार्यक्रमको बाँडफाँड स्वीकृत गर्ने।

**निर्णय नं.३**

यस गाउँपालिकाको कृषि कार्यक्रम सन्चालन सम्बन्धी निर्देशिका, २०८० बमोजिम आर्थिक विकास समितिको मिति २०८२/०८/२३को बैठकबाट सिफारिस भए अनुसार चालु आ.व.२०८२/०८३ को कोदो/फापर नगद प्रोत्साहन कार्यक्रमको निरन्तरता गर्दै २ देखी ९ रोपनी क्षेत्रफलमा कोदो वाली लगाएको कृषकको हकमा रु. १८००/- र १० रोपनी देखी माथि रु.१६००/- को दरले प्रोत्साहान रकम प्रदान गर्ने र वडा प्राविधिक, जनप्रतिनिधि द्धारा फिल्ड नाँपजाँच तथा निरिक्षण बापत प्रति प्रतिवेदन रु. १०० बराबर पाउने भत्ता रकम कार्याविधिमा उल्लेख भए बमोजिम हुनेछ।

**निर्णय नं. ४:**

यस भीमफेदी गाउँपालिका अन्तर्गतका विभिन्न टोल तथा वडामा कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको मनोवल हौसला बढाउनमा सहयोग पुगोस भन्ने हेतु तथा उहाँहरुको अन्य आम्दानीका स्रोतमा कहिकतैबाट पनि न्यायोचित व्यवस्थापन नभएको अवस्थालाई ध्यानमा राखि उहाँहरुको बचत गर्ने बानीमा विकास गरी सामाजिक सुरक्षाको प्रत्याभूति गर्न बाञ्छनिय देखिएकोले नेपालको संविधानको धारा ३४ को उपधारा(२) मा योगदानमा आधारित सामाजिक सुरक्षाको हक तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ४ च मा भएको ब्यवस्थालाई कार्यान्वयन गर्न दफा ११ को उपदफा ७ को अधिकार प्रयोग गरी भीमफेदी गाउँपालिकाले अनौपचारिक क्षेत्रको लागि नेपाल सरकारले तोकेको न्युनतम आधारभुत पारिश्रमिकको ११ प्रतिशत श्रमिकले (योगदानकर्ता) र गाउँपालिकाले ९.३७ प्रतिशत थप गरि जम्मा २०.३७ प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने गरि सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, यातायात क्षेत्रमा कार्यरत श्रमिक र निर्माण क्षेत्रमा कार्यरत श्रमिकहरुलाई “अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७९” को परिच्छेद १ दफा २ बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने ।

**निर्णयः-५**

संघ, प्रदेश तथा स्थानीय तह बाट विनियोजित कृषि विकास तथा पशु सेवा शाखा बाट सञ्चालन हुने सम्पूर्ण कार्यक्रमहरुको मूल्याङ्कन, सुपेरिवेक्षण, निरिक्षण तथा अनुगमन गर्ने मूल्याङ्कन समितिको भूमिका यसै स्थानीय तहमा गठित आर्थिक विकास समितिले नै निर्वाह गर्ने ।

**निर्णयः-६**

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) **”स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२”** कार्यविधिको अधिनमा रही कार्यक्रमहरुको संचालन विधि/शर्त तथा साझेदार संस्था छनौटको लागि मूल्याङ्कनका मापदण्ड स्वीकृत गर्ने।

**निर्णय नं.७**

यस गाउँपालिकाको सभा र कार्यपालिका बैठकको निर्णय बाट हाल सम्म पारित भई स्थानीय राजपत्रमा प्रकाशन गर्न बाँकी भएका ऐन, नियम, कार्यविधी, निर्देशिका र मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्ने भएकोले हालसम्मका ऐन, नियम, कार्यविधी, निर्देशिका र मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न हालका प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने। राजपत्र प्रकाशन गर्नु अघि भएका कामकारवाहीलाई प्रकाशित राजपत्र वमोजिम भएको मानिनेछ ।स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ पारित गर्ने।

**निर्णय नं.८**

यस भीमफेदी गाउँपालिकाको अन्तर्गत रहेको रासी खोलाबाट दिगो र वातावरण मैत्री रुपले नदीजन्य पदार्थको उत्खनन् कार्यका लागि गरिएको प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदन जिल्ला समन्वय समितिको मिति २०८१/११/२० गतेको निर्णय अनुसार स्वीकृत भएको तथा यस गाउँपालिकाको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा नदीजन्य पदार्थको संकलन, उत्खनन् तथा बिक्री बाट रु. ५ करोड आय अनुमान गरिएकोमा रासी खोलाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदन अनुसार नदीजन्य पदार्थको संकलन/उत्खनन् को ८ वटा स्थल मध्ये उत्खनन् क्षेत्र नं ३ नयाँ गाउँ बाघझोरा वडा नं १ तथा उत्खनन् क्षेत्र नं ६ पान्द्राङ वडा नं ३ र ४ झोलुङ्गे पुल नजिक रहेको हुँदा विपद् व्यवस्थापनबाट उत्खनन् गर्न सिफारिस भएकोमा उल्लेखित २ वटा क्षेत्रहरु बाहेकका IEE स्वीकृत क्षेत्रहरु मध्ये ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा १(ग) अनुसार वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययन प्रतिवेदनका आधारमा अध्यावधिक गरी पुनः एकिन भए पश्चात प्राप्त हुने नदीजन्य पदार्थको परिमाणलाई स्थानीय रावश्व परामर्श समितिबाट स्वीकृत गराई उल्लेखित मापदण्डको दफा ४ को उपदफा १ को (क) अनुसार कार्ययोजन बनाई तोकीएको विधि, प्रकृया तथा दररेटमा नघट्ने गरी ठेक्का बन्दोबस्त गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

साथै ठेक्का व्यवस्थापन गर्दा राजश्व संकलन, अनुगमन नियमन समेतको सहजताको लागि स्वीकृत IEE प्रतिवेदन अनुसार संकलन तथा उत्वखनन् क्षेत्रहरु मध्ये क्षेत्र नं १,२,४ र ५ को परिमाणको आधारमा एउटा र क्षेत्र नं ७ र ८ को लागि अर्को हुनेगरी २ वठा प्याकेजमा ठेक्का बन्दोबस्त गर्ने गरी प्रकृया अगाडी बढाउने निर्देशन दिने ।

**निर्णय नं ९**

भीमफेदी गाउँपालिका संघीय सशर्त कार्यक्रम अन्तर्गत "म स्वस्थ, मेरो समुदाय स्वस्थ घर टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" संचालनको लागि एक जना जनस्वास्थ्य अधिकृत (अधिकृत सातौं), तथा "नागरिक आरोग्य केन्द्र स्थापना र संचालन तथा अभियान संचालन" कार्यक्रम कार्यान्वयनको लागि १जना आयुर्वेद अभियानकर्ता सहायक चौथो एक जना समेत जम्मा २ जना सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले पदपुर्ति सम्बन्धी विज्ञापनको लागि गाउँ कार्यपालिका कार्यालयलाई अख्तियारी दिने। पदपुर्तिको लागि विज्ञापन गरी अधिकतम प्रतियोगिता भई योग्य उम्मेदवार छनौट गर्न लिखित परिक्षा समेतको व्यवस्था गर्ने।

**निर्णय नं.१०**

भीमफेदी गाउँपालिकामा आर्थिक पारदर्शिता र सुशासनलाई कायम राख्न विगतका आर्थिक वर्षहरू देखि फस्यौट हुन बाँकी रहेको बेरुजुको विषयमा महालेखा परीक्षकको कार्यालयको प्रतिवेवदको सुझावलाई मध्यनजर गर्दै निम्न बमोजिम गर्ने।

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली बमोजिम असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र प्रमाण पेश गरी फस्यौट गर्नुपर्ने बेरुजुहरूलाई वर्गीकरण गरी तत्काल फस्यौट प्रक्रिया अगाडि बढाउने। यसका लागि सम्बन्धित कर्मचारी, उपभोक्ता समिति र निर्माण व्यवसायीहरूलाई ३५ दिने सार्वजनिक सूचना जारी गरी आवश्यक प्रमाण पेश गर्न वा रकम फिर्ता गर्न सूचित गर्ने।

२. संघीय तथा प्रदेश सरकारबाट विभिन्न योजनाका लागि प्राप्त भएको तर आर्थिक वर्षको अन्त्यसम्म खर्च हुन नसकेको वा योजना सम्पन्न भई बाँकी रहेको वित्तीय हस्तान्तरण तर्फको अनुदान रकम (Conditional/Special/Complementary Grant) नियमानुसार सम्बन्धित सरकारको आर्थिक वर्ष २०८०।०८१ को रकम प्रदेश सञ्चित कोष/बेरूजु शीर्षकमा फिर्ता पठाउन आर्थिक प्रशासन शाखालाई निर्देशन दिने।

३. बेरुजु फस्यौटको कार्यलाई प्रभावकारी बनाउन प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एक "बेरुजु फस्यौट सहजीकरण समिति" गठन गरी आगामी कार्यपालिका बैठकमा प्रगति प्रतिवेदन पेश गर्ने।

**निर्णय नं.११**

यस भीमफेदी गाउँपालिका अन्तर्गत रहेको बागमती खोलाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन मा नदीजन्य पदार्थको लागि संकलन/उत्खनन् स्थल उत्खनन् क्षेत्र १ फाप्लाङ बेसी वडा नं ८ रहेको उक्त क्षेत्रबाट राष्ट्रिय गौरवको आयोजना काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजनाको लागि नदीजन्य पदार्थको व्यवस्थापन गर्नको लागि गौतम ल्याण्ड कन्स्ट्रक्सन प्रा.लि. ले माग गरेको परिमाण नपुग देखिएको हुँदा बाँकी नपुग नदीजन्य पदार्थको व्यवस्थापन गर्न सोही खोलाको उत्खनन् क्षेत्र २ भर्याङ डाँडा तल वडा नं ८ बाट उपलब्ध गराउने साथै सो क्षेत्रबाट समेत नपुग भएमा नदीजन्य पदार्थको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदन अनुसार अन्य क्षेत्रबाट व्यवस्थापन गर्ने ।साथै उल्लेखित कार्यको लागि कार्यालयबाट प्रस्ताव तयार भएको राष्ट्रिय गौरवको आयोजना काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजनाको निर्माणाधिन सुरुङ खणडको लागि गौतम ल्याण्ड कन्स्ट्रक्सन प्रा.लि लाई नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री व्यवस्थापन सम्बन्धी कार्य योजना ,२०८२ स्वीकृत गर्ने ।